# के.आई.सिंह गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०८ संख्या०२ मिति२०८१/०४/०१


## भाग-०१

## के.आई.सिंह गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून यस के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ।

## के.आई.सिंह गाउँपालिकाको विनियोजन ऐन, २०८१

के.आई.सिंह गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभामा पेश भएको मिति:-२०८१/०३/१०

सभाबाट स्वीकृत मिति:-२०८१/०३/३१

प्रस्तावना: – **के.आई.सिंह गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले,**

नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम के.आई.सिंह गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भ- (१) **यस ऐनको नाम "के.आई.सिंह गाउँपालिकाको विनियोजन ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.आर्थिक वर्ष २०८१/०८२ को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार

(१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४३,७६,१०,५००।– (अक्षरुपी त्रिचालिस करोड छेहत्तर लाख दश हजार पाँच सय रुपैँया मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिने छ।

(२). उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी यस के.आई.सिंह गाउँपालिकालाई आगामी आर्थिक वर्षको बिभिन्न समयमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने बित्तिय श्रोतको स्थानीय संचित कोषमा आम्दानी जनाई खर्च गर्न सकिनेछ।

(३).विनियोजन:(१) यस ऐन द्वारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त के.आई.सिंह गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भयतापनी कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्ने छ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र बित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक श्रोत बाट अर्को श्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनी एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्नु परेमा गाउँसभाको स्वीकृति लिनुपर्नेछ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धीत)

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु.

| **क्र.सं** | **अनुदान संख्या** | **शिर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यापालिका र वडा तर्फ | 74400000 | 141936000 | 0 | 216336000 |
| २ | | विषयगत शाखा सशर्त अनुदान | 178574500 | 1000000 | 0 | 179574500 |
| ३ | | लगानी शेयर ऋण | 0 | | 0 | 0 |
| ४ | २ | विशेष अनुदान संघ | 20000000 | 9000000 | | 29000000 |
| ५ | | समपुरक अनुदान संघ | 0 | 0 | 0 | 0 |
| ६ | २ | विशेष अनुदान प्रदेश | 5000000 | 0 | 0 | 5000000 |
| ७ | २ | समपुरक अनुदान प्रदेश | 0 | 7700000 | 0 | 7700000 |
| ८ | | शसर्त अनुदान प्रदेश | 0 | 0 | 0 | 0 |
| **जम्मा रकम** | | | **277974500** | **159636000** | **0** | **437610500** |

आज्ञाले,

हिमाल डंगौरा

प्रमुख प्रशासकीय अधिकृत